CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #६०

२५।५।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

काठमाण्डौ उपत्यकामा कुन व्यवसाय कुन समयमा सञ्चालन गर्न पाईने?

01 खाद्य वस्तु, दुध र दुधजन्य पदार्थ, फलफूल, तरकारी, माछा मासु पसल : **बिहान ११:०० बजे सम्म र बेलुकी ५:०० बजे देखी ७:०० बजे सम्म**

02 सपिङ मल, फेन्सी स्टोर, कपडा पसल, कस्मेटिक पसल : **सोमबार, बुधबार र शनिबार**

03 भाँडा र भान्छाजन्य साथै सोही प्रकृतिका अन्य पसल : **आईतबार, मंगलबार र शुक्रबार**

04 फर्निचर र अटोमोबाईल सम्बन्धी पसल : **सोमबार र बुधबार**

05 फुटपाथ पसल, ठेला व्यापार, स्टेशनरी पसल, ईलेक्ट्रिकल र ईलेक्ट्रोनिक्स् पसल, डिपार्टमेन्ट स्टोर : **बिहान ११:०० बजे सम्म र बेलुकी ४:०० बजे देखी ७:०० बजे सम्म**

06 सवारी साधन मर्मत सम्बन्धी वर्कसप : **बिहान ८:०० बजे देखी बेलुकी ८:०० बजे सम्म**

07 सहकारी सँस्थाहरु : **बिहान ११:०० बजे देखी दिउँसो ३:०० बजे सम्म**

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/

नेपाल अपडेट

दैलेखको दुल्लु क्षेत्रमा कोरोना प्रतिकार्यमा कमाण्डरको भूमिका निर्वाह गरेकी डा. पूजा बिसी दुल्लु नगरपालिकाबाट सम्मान ग्रहण गर्दै

तस्बिर: महेन्द्र केशर खनाल

हल्ला र तथ्य

सबै पालिकामा ५ बेडको अस्पताल एक हप्ता भित्र सञ्चालन गर्ने भन्ने कुरा के हो?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ महामारीका बीच देशभरिका सबै पालिकामा अनिवार्य अस्पताल सञ्चालनमा ल्याउने निर्णय गरेको छ । हाल ६४९ स्थानीय तहमा अस्पताल छैनन् । मन्त्रालयले कम्तीमा ५ बेड सहित १ चिकित्सक र २ नर्स सहितको अस्पताल तत्काल सञ्चालनमा ल्याउने निर्णय गरेको हो । यसका लागि प्रत्येक स्थानीय तहलाई आवश्यक बेड लगायत उपकरण र जनशक्ति व्यवस्थापनका लागि १० लाखका दरले कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट रकम निकसा भईसकेको छ ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2086

कर्णालीबाट भारत जाने सवैलाई नेपालगञ्ज हुँदै जान दिइएको हो ? एउटा जिल्लाबाट अर्को जिल्ला प्रवेश गर्न नदिने पनि भनेको छ । खास कुरा के हो ?

कर्णाली प्रदेशबाट आउने सबैलाई भारत जान अनुमती दिएको छैन । भारतका कम्पनीहरूमा कामगर्ने कामदारको हकमा कम्पनीको कामदार प्रमाण-पत्र लिएका कामदारलाई मात्र सिमा प्रवेश अनुमती दिईएको छ । त्यसै गरेर, भारतमा स्थायी बसोबास गरिरहेकाहरूको हकमा भने आधार कार्ड भएकाहरुलाई भारत जान दिने अनुमति दिईएको छ ।

स्रोत: जिल्ला प्रशासन कार्यालय बाँके

काठमाण्डौ उपत्यकामा सबैखाले यातायात खुलेकाहुन् ?

काठमाण्डौ उपत्यकामा २०७७ भदौ २५ गते देखी लागु हुने गरी सार्वजनिक तथा निजी सवारी साधन जोर बिजोर प्रणाली अनुसार सञ्चालन हुनेछन् । तर, सबै सार्वजनिक यातायातका साधन भने चल्न पाउने छैनन् । उपत्यका भित्र १६ सिट भन्दा बढी क्षमता भएका सार्वजनिक सवारी साधनले मात्र कूल सिट क्षमताको आधा भन्दा नबढ्ने गरी सेवा सञ्चालन गर्न पाउनेछन् । त्यसै गरेर उनिहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड भने पूर्ण पालना गर्नुपर्ने छ । ट्याक्सीको हकमा चालक सहित ३ जना र परिवार भित्रका ५ वर्ष भन्दा कम उमेरका बालबालिका २ जना सम्म राखी चलाउन सकिने छ ।

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/

कोरोना संक्रमित भएर निको भएकाहरूको रगत संकलन हुदै छ रे । के सबै संक्रमित सञ्चो भए पछी फेरी रगत परीक्षण गर्नुपर्ने हो ?

कोरोना संक्रमणबाट सञ्चो भएकाहरूको रगत परीक्षण गर्नु पर्दैन । हाल नेपालमा पनि प्लाज्मा थेरापी द्वारा कोरोना संक्रमित भएका जटिल बिरामीको उपचार भैरहेको छ । प्लाज्मा थेरापीका लागि कोरोना पोजिटिभ भएर निको भैसकेकाको रगत आवश्वयक पर्ने भएकाले, कोरोनाको संक्रमण भएर निको भएकाहरूको मात्र रगत संकलन गरिएको हो । यो अनिवार्य हैन । संक्रमणबाट सञ्चो भएका व्यक्तिले स्वईच्छाले त्यसरी रक्तदान गरेका हुन् । यस प्रकारको रगत कोरोना संक्रमितका लागि मात्र प्रयोग गरिन्छ ।

स्रोत: नेपाल रेडक्रस रक्तसञ्चार सेवा केन्द्र

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्

COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,३४,४५१ नेपाली	७१,१२३ नेपाली	२६,००० नेपाली	४,०६,९१७ नेपाली	२,२४,९०५ नेपाली	१७,०५७ नेपाली	५००,००० नेपाली	३८,८६२ नेपाली
३,२३,०१२ संक्रमित	९२,०८२ संक्रमित	५७,४५० संक्रमित	१,२०,८४६ संक्रमित	७५,९८१ संक्रमित	८७,९३९ संक्रमित	९,५८३ संक्रमित	२१,७४३ संक्रमित
१८७५ नेपाली संक्रमित	१६५० नेपाली संक्रमित	४५१ नेपाली संक्रमित	२२,५०० नेपाली संक्रमित	२४०० नेपाली संक्रमित	४५ नेपाली संक्रमित	८१ नेपाली संक्रमित	२ नेपाली संक्रमित
११ मृत्यु भएका नेपाली	७ मृत्यु भएक नेपाली	३ मृत्यु भएका नेपाली	१६ मृत्यु भएका नेपाली	३० मृत्यु भएका नेपाली	१ मृत्यु भएका नेपाली		



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

कुवेत र यूएई सम्बन्धी महत्वपूर्ण जानकारी

कुवेत

कुवेतमा नेपाल लगाएत ३२ वटा देशबाट सिधा उडान मार्फत आउन रोक लगाइए पनि कुवेतको भिषा र श्रम स्वीकृति हुनेहरु कुवेत जान सक्नेछन् । त्यसको लागि यू.ए.ई.मा भिजिट भिषा लिएर १४ दिन क्वारेन्टाइन बसेकालाई सहजै एयरपोर्टबाट आउन दिने भनेर नेपाली दुतावास आबुधाबीले सूचना निकालेर जानकारी दिएको छ ।

यूएई

- यूएईमा कम हुँदै गएको कोरोना संक्रमितको संख्या फेरी बढ्न थाले पछी सचेतना जनाउन आग्रह गरीएको छ ।
- यूएईमा कोरोना परीक्षणको मूल्यमा कमी गरिएको छ । Abu Dhabi मा अहिले २५० दिरहाममा परीक्षण गराउन सकिन्छ । रोगका लक्षण भएका र कोरोना लागेका संक्रमितसँग सम्पर्कमा आएकाको लागि भने कोरोना परीक्षण नि:शुल्क हुनेछ ।
- बाहिरबाट पर्किदा दुबई एयरपोर्टबाट हो भने, कोरोना नेगेटीभ रिपोर्ट भएकालाई क्वारेन्टटाईन मा जानु पर्ने छैन। तर, ईमिरेट्समा भने १४ दिन क्वारेनटाईनमा बस्नु पर्नेछ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

२०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

१३ अर्ब ३७ करोड

संघिय सरकार	प्रदेश सरकार	स्थानीय सरकार	प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष
३६%	११%	४५%	८%

संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

अन्य
रु. १,२४,७३,०००

प्रदेश सरकारले गरेको खर्च



accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले कोभिड - १९ का लागि छुट्याईएको बजेट



कर्णाली प्रदेशमा कोभिड - १९ का लागि छुट्याईएको जम्मा रकम



कर्णाली प्रदेशमा २७,४९५ सामान्य बेड र १,३८७ आईसोलेशन बेड सहितका ७२४ क्वारेन्टाईन सञ्चालन गर्न ३२ करोड ८० लाख रुपैयाँ खर्च भएको छ । सबै भन्दा धेरै खर्च समग्रमा प्रदेश अस्पताल र जिल्ला स्थीत जनस्वास्थ्य कार्यालयहरुमा भएको छ । बिनियोजन भएको रकम मध्ये कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जिल्ला अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयहरुको खर्च प्रतिशत राम्रो छ । त्यहाँ बिनियोजन भएको लगभग सबै रकम खर्च भएको छ । कर्णाली प्रदेशले कोरोना प्रतिकार्यमा राम्रो काम गरेको कुरा गदैगर्दा, कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश अस्पताल र प्रदेश आयुर्वेद अस्पतालको खर्च प्रतिशत तुलनात्मक रुपमा कम छ । यदी यि सबै खर्चको सुक्ष्म अध्ययन र मुल्यांकन गरेर अगाडी बढ्ने हो भने, कर्णाली प्रदेश कोरोना प्रतिकार्यको सन्दर्भमा उदाहरणिय प्रदेशको रुपमा अगाडी आउन सक्छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

फ्रन्टलाईनर्स भोईसेस

एकमाया बि.क.

उपाध्यक्ष, खजुरा गाउँपालिका, बाँके

"जनसम्पर्कमा भईरहनुपर्ने भएकोले पहिलो पटक कोरोना परीक्षण गर्दा नतिजा नेगेटिभ आउदा केहि राहत महसुस भयो । दोस्रो पटक मेरै कार्यकक्षमा काम गर्ने सहकर्मीमा कोरोना देखिदा साह्रै डर लाग्यो । परीक्षण गराउँदा फेरी नतिजा नेगेटिभ आयो । यसले मेरो मनोबल बढाउनुको साथै कोरोना प्रतिको डर र यसप्रतिको बुझाई पूर्णरुपले परिवर्तन गरिदियो । सावधानी अपनाउने हो भने कोरोना सर्दैन । सरकारले निर्धारण गरेको प्रोटोकललाई स्विकार गरी आफु र आफ्नो समुदायलाई कोरोना मुक्त बनाउन सहयोग गर्नु हामी सबैको दायित्व हो ।"

सन्जु कुमारी चौधरी

उप-प्रमुख कोहलपुर नगरपालिका, बाँके

"भारतबाट फर्किएकाहरु क्वारेन्टाइनमा बस्न नखोज्दा समस्या हुने गरेको छ । त्यसैले घरघरमा गएर परामर्श दिँदा संक्रमित भइने डर छ । जनप्रतिनिधि भएकोले त्यसको विकल्प छैन । अहिले समादाय स्तरमा देखिएको संक्रमणले थप चुनौती थपेको छ । उहाँहरुको लागि सुविधा सम्पन्न आईसुलेसनको व्यवस्था होटल अतिथिमा गरेका छौं । त्यसको सम्पूर्ण खर्च नगरपालिकाले व्यहोरिरहेको छ । अब विदेशबाट दशै तिहार मनाउन घर आउनु भन्दा पहिले क्वारेन्टाईनका लागि प्राकृतिक चिकित्सालयको मर्मत कार्य सम्पन्न गर्न लागिपरेका छौं ।"

हरी बस्नेत

प्रहरी निरिक्षक, वडा प्रहरी कार्यलय, नेपालगञ्ज

"नेपालगञ्जमा कोरोना समुदाय स्तरमा फैलिरहँदा, वडा प्रहरी कार्यलयमा पनि कोरोना देखियो । त्यस पछी हामीले कार्यलय पूर्ण रुपले सिल गर्‍यौं । जसले गर्दा केहि समय कार्यलयको काम पनि अबरुद्ध भयो । नेपालगञ्ज धेरै जातज(ाती र धर्मका मानिस बस्ने ठाउँ हो । धार्मिक पर्वले भिडभाड बढाउँछ । भर्खरै मुस्लिम धर्मालम्वीहरुको चाड मोहर्रम सकीएको छ । यस्तो अवस्थामा भिड व्यवस्थित गर्दा संक्रमणबाट बच्ने सम्भावना कम रहन्छ । हिन्दुहरुको पर्व दशै र दिपावली आउँदै छ । यसले व्यवस्थापनमा थप चुनौती थप्नेछ ।"

बेरोजगारलाई दैनिक गुजारा गर्ने विकल्प दिन सरकार असफल

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको छ । यसै हकको कार्यान्वयन गर्ने प्रमुख उद्देश्य सहित सरकारले अर्थिक वर्ष २०७५/७६ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको अवधारण अगाडी ल्याएको । यसको लक्ष पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले बाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्नु थियो । सरकारको महत्वाकांक्षी अवधारण अनुरुप विदेशमा काम गर्ने नेपाल(ीलाई स्वदेश फर्काउनु त्यति सहज थिएन । तर, कोरोना महामारीको विसम परिस्थितिले भने विदेशमा भएका नेपालीलाई नेपाल फर्किने बाध्यात्मक तर सहज अवस्था सृजना गरिदियो । अन्य प्रतिकुलतालाई छोडेर हेर्ने हो भने कोरोना महामारीलाई नेपाल सरकारको लागि क्षमतावान युवाको सिपलाई स्वदेशमै सदुपयोग गर्ने अवसरको रुपमा लिन सकिन्छ ।

आर्थिक वर्ष २०७७/७८ को बजेटमै प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत २ लाख जनालाई रोजगारी उपलब्ध गराउन रु. ११ अर्ब ६० करोड बजेट बिनियोजन गरिएको छ । ७५३ वटै स्थानीय तहले रोजगारी सृजना गर्न युवा केन्द्रित कार्यक्रम ल्याएको भनेकाछन् । कोरोनाका कारण रोजगारी गुमेका र तत्काल पुनरुत्थान भई रोजगार सृजना हुन नसक्ने रक्षेत्रमा कार्यरत मजदुरको सिप रुपान्तरण गरी कम्तीमा ५० हजार व्यक्तिको रोजगारी सुनिश्चित गर्न रु १ अर्ब छुट्याईएको छ । थप ७५ हजार व्यक्तिलाई सिपमुलक तालिम प्रदान गर्न ४ अर्ब ३४ करोड बिनयोजन गरिएको छ । यससँगै देश भित्रै थुप्रै रोजगारीका अवसर सृजना गर्ने कार्यक्रमको घोषण गरिएको छ ।

कोरोना महामारीकै बिचमा थुप्रै नेपाली भारत र खाडीका मुलुकबाट फर्किए । अझै विदेशबाट उद्धार गरिनुपर्ने नेपालीलाई सरकारले उद्धार गर्न सकेन भनेर अहिले हरेक तह तप्कामा बहसको विषय बनिरहेको छ । सरकारले विदेशबाट फर्किएकाहरुको लागि क्वारेन्टाईनको व्यवस्थापन गर्न नसकेको र परीक्षणको दायरा बढाउन नसकेको बहस अब विस्तारै पुरानो हुँदैछ । कोरोनाको संक्रमण भन्दा पनि रोजगार नहुदा भोकमरीले मान्छे मर्नसक्ने प्रक्षेपण गरिन थालेकाछन् । उदाहरणको लागि, भदौ २४ गते बुधबार मात्र कैलालीको त्रिनगर नाका भएर ७४८ जना नेपाली भारतबाट नेपाल भित्रिए भने ५६८ जना नेपाली सोही नाका भएर रोजगारी खोज्दै भारत गए । त्यसै गरेर, सुदूरपश्चिमको भारतसँग जोडिएको अर्को प्रमुख नाका गाइडाचौकी नाका भएर सोही दिन ४० जना नेपाल भित्रिए भने ८२ जना नेपाली भारत गए । यस्तो महामारीको समयमा घर परिवार छोडेर विदेशिने युदवाको दैनिक गुजारा गर्ने अन्तिम विकल्प दिन सरकार असफल भईरहेको छ । यो महामारीको जटिल परिस्थितिमा आफ्ना नागरिकको सुरक्षा गनुपर्ने सरकार दैनिक गुजारा गर्नकै लागि सिमापार गर्ने अनुमती दिन किन लाचार भईरहेको छ ? के सरकारले रोजगारी सृजना गर्न ल्याईएका योजन तथा कार्यक्रमले ति युवाहरुलाई समेटेदैन ? के नेपालको संविधानले भने बमोजिम रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गर्ने कुरालाई यो दृष्टान्तले जिस्काइरहेको त छैन ?

- सुरेश चन्द

सही सूचना

के काठमाण्डौ उपत्यकामा संक्रमितको संख्या घट्नेछैन ?

काठमाण्डौ उपत्यकामा भदौ १० गते देखी २४ गते सम्म दैनिक कोभिड - १९ बाट संक्रमितको संख्या



तिन हप्ता देखि काठमाण्डौ उपत्यकामा निषेधाज्ञा जारी गरिएको थियो । अन्तिम दुई हप्तामा काठमाण्डौ, भक्तपुर र ललितपुरको दैनिक संक्रमितको संख्या हेर्ने हो भने, संक्रमण नियन्त्रणमा आएको वा नियन्त्रणमा कुनै सुधार आएको देखिदैन । त्यसै गरेर, तिन हप्ता भन्दा बढी समय देखी देशकै दैनिक सबै भन्दा बढी नयाँ संक्रमित देखिने जिल्ला काठमाण्डौ रहेको छ । काठमाण्डौ उपत्यका सबै भन्दा बढी जनघनत्व भएको ठाउँ भएकोले पनि अरु जिलाको भन्दा यहाँ व्यक्ति-व्यक्ति बिच सम्पर्क बढी हुन्छ । अहिले निषेधाज्ञा खुकुलो भएसँगै व्यवसाय खुल्दैछन् । यसले काठमाण्डौ उपत्यका आउने दिनहरुमा कोभिड - १९ केन्द्र बन्ने जोखिम अझै बाँकी छ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219